प्रमाणित

आज मिति २०८१।०४।१७ गते विहिवारवार दिनको ११ः ०० बजे मिथिला नगरपालिकाको सभा हलमा नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षतामा निम्न अनुसारको उपस्थितमा देहाय अनुसारको प्रस्तावहरुमा छलफल गर्न नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री महेन्द्र महतो | नगर प्रमुख | |
| २ | श्री सुनिता सिंह बुढाथोकी | उप-प्रमुख | |
| ३ | श्री जोगी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो कोइरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री चन्द्र बहादुर बुलन तामाङ्ग | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री रामचन्द्र महतो | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री नन्द किशोर यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री राम बहादुर स्याङ्गदन | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री बिरेन्द्र महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री ~~सविन विक्रम थापा~~ निर कुमारी | का. वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | बेद कार्की |
| १४ | श्री अन्जु श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री मिना पजियार | कार्यपालिका सदस्य | मिना |
| १६ | श्री नगिना खातुन | कार्यपालिका सदस्य | नगिना |
| १७ | श्री कौशिल्या देवी | कार्यपालिका सदस्य | कौशिल्या |
| १८ | श्री इन्द्र कला कुमारी | कार्यपालिका सदस्य | इन्द्र कला |
| १९ | श्री महेन्द्र राउत | कार्यपालिका सदस्य | महेन्द्र |
| २० | श्री विशेश्वर साह हलुवाई | कार्यपालिका सदस्य | |
| २१ | श्री सर्मिला सुनवार | कार्यपालिका सदस्य | |
| २२ | श्री अशोक कुमार भण्डारी | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

मिति २०८१।०४।१७

बैठकका प्रस्तावहरु:

प्रस्ताव नं.१) नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि जग्गा प्राप्तिको प्रकिया अगाडी वढाउने भनी मिति २०८०।०२।०३ गते कार्यपालिका बैठकबाट भएको निर्णयमा "सार्वजानिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धि मापदण्ड, २०७७" भएकोमा संशोधन गरी सरकारी जग्गा दर्ता,उपयोग- तथा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यनीति, २०७९ वमोजिम हुनुपर्ने सम्वन्धमा ।

प्रस्ताव नं.२) क्रिटिकल केयर तथा ट्रमा सेन्टर सहितको अस्पताल निर्माण कार्यको लागि जग्गा प्राप्तिको प्रकिया अगाडी वढाउने भनी मिति २०८०।०२।०३ गते कार्यपालिका बैठकबाट भएको निर्णयमा "सार्वजानिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्वन्धि मापदण्ड, २०७७" भएकोमा संशोधन गरी सरकारी जग्गा दर्ता,उपयोग तथा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यनीति, २०७९ वमोजिम हुनुपर्ने सम्वन्धमा ।

प्रस्ताव नं.३) विविध सम्वन्धमा ।

## बैठकका निर्णयहरु:

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा यस नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि जग्गा प्राप्तिको प्रकिया अगाडी वढाउने सम्वन्धमा मिथिला नगरपालिकाको नाममा आफ्नो जग्गा नभएको कारणले प्रशासकीय भवन निर्माण गर्न नसकिएको र सरल सहज र प्रभावकारी रुपमा दैनिक सेवा प्रवाह गर्न प्रशासकीय भवन निर्माण गर्न अति आवश्यक भएकाले यस कार्यालयमा कार्यरत प्राविधिकले दिएको प्रतिवेदन अनुसार हाल अस्थायी रुपमा कार्यालय संचालन भएको स्थानको आसपासको तपसिल वमोजिमको जग्गामा प्रशासकीय भवन र अन्य आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनको प्रक्रिया अगाडी वढाई दिन भनी मिति २०८०।०२।०३ गते कार्यपालिका बैठकवाट भएको निर्णयमा "सार्वजानिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलव्ध गराउने सम्वन्धि मापदण्ड, २०७७" भएकोमा संशोधन गरी सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलव्ध गराउने सम्वन्धी कार्यनीति, २०७९ वमोजिम सम्वन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय पारित गरियो ।

**तपसिल**

| सि.नं. | जग्गा भएको स्थान | | कित्ता नं. | क्षेत्रफल | किसिम |
|---|---|---|---|---|---|
| | साविक | हाल | | | |
| २ | ढल्केवर गा.वि.स. वडा नं. ४ | मिथिला न.पा ७ | ४११ | ०-१५-८-० | सरकारी ऐलानी |
| ३ | ढल्केवर गा.वि.स. वडा नं. ४ | मिथिला न.पा ७ | ११५ | ३-०-३-० | ऐलानी पर्ति |
| जम्मा | | | | ३-१५-११ | |

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा क्रिटिकल केयर तथा ट्रमा सेन्टर सहितको अस्पताल निर्माण कार्यको लागि जग्गा प्राप्तिको प्रकिया अगाडी वढाउने सम्वन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट प्राप्त स्वीकृत वार्षिक कार्यक्रम र अख्तियारी अनुसार "एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम अन्तर्गत क्रिटिकल केयर तथा ट्रमा सेन्टर सहितको अस्पताल निर्माण कार्य ढल्केवर,धनुषाको" लागि वजेट विनियोजन भइ आएको-१ यसअघि तहाँ नगरपालिकावाट उपलव्ध गराइएको जग्गा सो संरचना निर्माणका लागि उपयुक्त नभएकोले पूर्व पश्चिम राजमार्गवाट करिव ५०० मिटर दाँया वाँया भित्र पर्ने वाढी -१ डुवानको जोखिम नरहेको क्षेत्रफल ३-०-०(तिन विघा) जग्गा उपलव्ध गराई कार्यक्रम कार्यान्वयनमा सहयोग गरी दिन संघिय आयोजना कार्यान्वयन इकाई धनुषा जनकपुरधाम को प.स.२०७७/०७८ च.नं. ४८८ मिति २०७७/०८/२३ र प.स.२०७८/०७९ च.नं. १११३ मिति २०७८/११/१३ को पत्रवाट अनुरोध भै आएको ।

यस मिथिला नगरपालिकाको मिति २०७८/०९/०४ मा वसेको बैठकवाट उक्त अस्पताल निर्माणका लागि मिथिला न.पा. वडा नं.७ गैरी टोलमा अवस्थित नक्सा नं.२क कित्ता नं. १६९ को

क्षेत्रफल२५-१-८-० जग्गा मध्येवाट४-३-०-०ऐलानी पर्ति जग्गा उपलब्ध गराउन सम्वन्धित निकायमा सिफारिस गरी पठाउन निर्णय भएको ।

उक्त अस्पताल निर्माण गर्न अति आवश्यक भएको र सोको लागि आवश्यक पर्ने जग्गाको भोगाधिकारी र स्वामित्वको सम्वन्धमा नेपाल सरकारबाट निर्णय हुनु पर्ने भएकोले भनी मिति २०८०।०२।०३ गते कार्यपालिका बैठकबाट भएको निर्णयमा "सार्वजानिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्वन्धि मापदण्ड, २०७७" भएकोमा संशोधन गरी सरकारी जग्गा दर्ता,उपयोग तथा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यनीति, २०७९ को दफा-१० वमोजिम सिफारिस संमितिमा राखी पठाईएकोमा क्रिटिकल केयर तथा ट्रमा सेन्टर सहितको अस्पताल निर्माण प्रयोजनको लागि मिथिला नगरपालिका वडा नं. ७ स्थित गैरीटोलमा रहेको नक्सा नं.२क कित्ता नं. १६९ को क्षेत्रफल क्षेत्रफल २५-१-८-० जग्गा मध्येबाट ४-३-०-० क्रिटिकल केयर तथा ट्रमा सेन्टर सहितको अस्पताल निर्माण लागि प्रयोग गर्ने गरी सोको भोगाधिकारको लागि प्रक्रिया अगाडी बढाई भनी मिति २०८०।०२।०३ गते कार्यपालिका बैठकबाट भएको निर्णयमा "सार्वजानिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्वन्धि मापदण्ड, २०७७" भएकोमा संशोधन गरी सरकारी जग्गा दर्ता,उपयोग तथा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यनीति, २०७९ वमोजिम सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्यण पारित गरियो ।

निर्णय नं.३० प्रस्ताव नं.३६मा छलफल गर्दा मिथिला नगरपालिकाको सम्पुर्ण आर्थिक कारोबारको खाता संचलान लगायतका सामाजिक सुरक्षा भत्ता विवरण गर्नका लागि मिथिला नगरपालिका क्षेत्र भित्र रहेको सम्पूर्ण वैकहरुसंग १५(प्रन्ध) दिन भित्र प्रस्ताव माग गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.३१ प्रस्ताव नं.३ मा छलफल गर्दा मिथिला नगरपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था, सामुदायिक विधालय लगायत सम्पुर्ण शाखा उपशाखाबाट सेवा प्रवाहमा सकुशल काम गर्नेलाई प्रोत्साहित गर्ने र सेवा प्रवाहमा वाधा गर्ने कर्मचारीहरुलाई निरुत्साहित सहितको दण्डित गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.३२ प्रस्ताव नं.३ मा छलफल गर्दा मिथिला नगरपालिकामा रिक्त रहेको पदहरुमा पदपुर्ति गर्नका लागि प्रदेश लोक सेवा आयोगसँग माग गर्ने र पदपुर्ति नभए सम्मका लागि स्वीकृत लिई रिक्त पदमा सेवा करारमा पदपुर्ति गर्ने निर्णय पारित गरियो ।